# स्मार्ट शौचालय निर्माणसम्बन्धी कार्यविधि, २०७५

प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

गण्डकी प्रदेश, पोखरा

# स्मार्ट शौचालय निर्माणसम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावना:**गण्डकी प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालयको आर्थिक बर्ष २०७५/०७६ को बार्षिक कार्यक्रमको बुँदा नं. १० मा समावेश भए बमोजिम पोखरा महानगरपालिकाको सहलगानीमा स्मार्ट शौचालय निर्माण सम्बन्धी कार्य गर्न गराउन वाञ्छनिय भएको हुनाले यस कार्यविधि जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

1) यस कार्यविधिको नाम "स्मार्ट शौचालय निर्माण सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।
2) यो कार्यविधि गण्डकी प्रदेशभर लागु हुनेछ ।
3) यो कार्यविधि प्रदेश सरकारले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ..

क) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ ।

ख) "महानगरपालिका" भन्नाले पोखरा महानगरपालिकालाई सम्झनुपर्दछ ।

ग) "डिभिजन कार्यालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगतका डिभिजन कार्यालय सम्झनु पर्छ र सो शब्दले सब-डिभिजन कार्यालय समेतलाई पनि जनाउँदछ ।

३. **जग्गा प्राप्ती सम्बन्धमा**

1) स्मार्ट शौचालय निर्माण गर्दा सो शौचालयलाई आवश्यक पर्ने जग्गा महानगरपालिकाले उपलब्ध गराउनुपर्नेछ ।
2) उपदफा (१) बमोजिम महानगरपालिकालाई आवश्यक पर्ने जग्गा स्थानीय व्यक्ति वा संघसस्थाले पनि उपलब्ध गराउन सक्नेछन् ।

४.**सहलगानी सम्बन्धमा**

1) स्मार्ट शौचालय निर्माण गर्नको लागि कूल लागत अनुमानको कम्तिमा ४० प्रतिशत रकम महानगरपालिकाले व्यहोर्नुपर्नेछ र बाँकी रकम मन्त्रालयले व्यहोर्नेछ।
2) उपदफा (१) बमोजिम महानगरपालिकाले व्यहोर्नुपर्ने रकम स्थानीय व्यक्ती वा संघसंस्थाले चाहेको खण्डमा अनुदान स्वरुप उपलब्ध गराउन सक्नेछन् ।

५.**जग्गाको क्षेत्रफल**

1) स्मार्ट शौचालय निर्माणका लागी महानगरपालिकाले आवश्यकता अनुसारको जग्गा उपलब्ध गराउनुपर्नेछ ।

६.**आवश्यक कागजात पेश गर्ने**

1) स्मार्ट शौचालय निर्माणका लागी महानगरपालिकाले निम्नलिखित कागजातहरु मन्त्रालय वा डिभिजन कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

क) उपलब्ध गराउने जग्गा वा स्थान सम्बन्धी महानगरपालिकाको निर्णय,

ख) जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि,

ग) नापी नक्साको प्रतिलिपी,

**७.स्मार्ट शौचालयको निर्माण**

1) स्मार्ट शौचालयको निर्माण गर्नको लागि सो स्मार्ट शौचालयको ड्रइङ डिजाइन, लागत अनुमान र स्पेसिफिकेसन सहितको विस्तृत परियोजना प्रतिवेदन डिभिजन कार्यालयको समन्वयमा महानगरपालिकाले गर्नेछ।
2) स्मार्ट शौचालय निर्माण गर्ने विधि ठेक्का प्रक्रियाबाट मात्र गर्नुपर्नेछ ।
3) स्मार्ट शौचालयको निर्माण कार्य एक आ.व. भित्र सम्पन्न गर्नुपर्नेछ । उक्त समयभित्र कार्य सम्पन्न नभएमा मन्त्रालयले बाँकी कामको आर्थिक दायित्व बहन गर्नेछैन ।
4) स्मार्ट शौचालयको निर्माण कार्य, सुपरभिजन र मूल्यांकन महानगरपालिकाबाट हुनेछ ।
5) स्मार्ट शौचालयको निर्माण कार्यको अनुगमन तथा मूल्यांकन मन्त्रालय वा डिभिजन कार्यालयबाट हुनेछ ।

**८. भुक्तानी प्रक्रिया**

1) मन्त्रालयले आफ्नो दायित्वको रकम विलको अनुपातको आधारमा उपलब्ध गराउनेछ ।
2) निर्माण व्यवसायीसँग सम्झौता भइसकेपछि सो सम्झौता मन्त्रालय वा डिभिजन कार्यालयमा पठाउनुपर्नेछ ।
3) महानगरपालिकाबाट भूक्तानी गरिएको वा भुक्तानीको लागि प्रमाणीत बिलको प्रतिलिपी सहित रकम माग गर्नुपर्नेछ ।
4) रकम दिनु भन्दा अगाडि मन्त्रालय वा डिभिजन कार्यालयले निर्माण कार्यको अनुगमन गर्न सक्नेछ ।
5) महानगरपालिकाले रकम माग गरेको मितिबाट १५ दिन भित्र मन्त्रालय वा डिभिजन कार्यालयले सो माग गरिएको रकम दिनुपर्नेछ ।
6) महानगरपालिकाले रकमको लागि असार १५ गते भन्दा अगाडि नै रकम माग गरि सक्नुपर्नेछ ।

**९.निर्माण सहजिकरण समिति**

१) स्मार्ट शौचालय निर्माण गर्दा आइपरेका समस्या समाधान गर्नका लागि एक निर्माण सहजिकरण समिति गठन गरिनेछ ।
२) उपदफा १ बमोजिमको निर्माण सहजिकरण समितिमा निम्न पदाधिकारीहरु रहने छन् ।
   क) महानगरपालीकाको प्रमुख वा निजले तोकेको एक जना कार्यपालिकाको सदस्य– संयोजक
   ख) सम्बन्धित वडाको वडाध्यक्ष – सदस्य
   ग) महानगरपालिकाको प्राविधिक शाखा प्रमूख –सदस्य

**10. हस्तान्तरण विधि**

1) स्मार्ट शौचालय निर्माण सम्पन्न पश्चात स्वत: महानगरपालिकाको स्वामित्वमा रहनेछ ।
2) स्मार्ट शौचालयको रेखदेख, सम्भार, सञ्चालन र उपयोग सम्बन्धी सम्पूर्ण दायित्व महानगरपालिकाको हुनेछ ।

**११. थपघट तथा हेरफेर**

1) यो कार्यविधि आवश्यकता अनुसार प्रदेश सरकारले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**१२. बाधा अड्काउ फुकाउ**

1) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा प्रदेश सरकारले बाधा अड्काउ फुकाउन सक्नेछ ।